Tribhuvan University

QAA

# YAGYODAYA

## DUDHNATH THARU MULTIPLE CAMPUS

Accredited by University Grants Commission (UGC) Nepal, 2025 A.D.















# २१औं क्याम्पस सभा
# तथा
# वार्षिक उत्सव समारोह-२०८२

मंङ्सीर ५, गते शुक्रबार



## वार्षिक प्रतिवेदन
## २०८२

Tell : 071-400193, Email: info@ydmc.edu.np, Website: www.ydmc.edu.np

# सञ्चालक समिति पदाधिकारी सदस्य नामावली-२०८१



श्री सोमनाथ शर्मा
अध्यक्ष



श्री रोहित चन्द्र चौधरी
आजिवन सदस्य, स.स.



श्री भवेश्वर खनाल
आजिवन सदस्य, स.स.



श्री सुकेश कुवँर
सदस्य





श्री हेमन्त थापा
सदस्य



श्री बाबुराम खरेल
सदस्य



श्री भुपराज गैरे
सदस्य



श्री टोल प्रसाद राना
सदस्य



श्री किरण नेपाल
सदस्य



श्री विजय विक्रम टण्डन
सदस्य



श्री मिन बहादुर पल्ली मगर
सदस्य



श्री कृष्ण प्रसाद नेपाल
सदस्य



श्री शिव मल्ल
विज्ञ सदस्य



श्री अधिवक्ता कैलाश चन्द्र ज्ञवाली
प्राविधिक सदस्य



श्री जगदिश अधिकारी
सदस्य



श्री राम प्रसाद खनाल
सदस्य



श्री जुनकला गैरे
महिला सदस्य



डा. शालिक राम पौड्याल
त्रि.वि. वि. प्रतिनिधि



श्री शिव प्रसाद अर्याल
प्राध्यापक प्रतिनिधि



श्री हेम बहादुर खड्का (वडा अध्यक्ष)



श्री टंक प्रसाद पौडेल (क्याम्पस प्रमुख)



श्री रामलखन चौधरी
मानार्थ सदस्य



श्री सुरसती चौधरी
मानार्थ सदस्य



श्री विष्णु प्रसाद बस्याल (गाउँपालिका प्रमुख)
मानार्थ सदस्य



श्री ऋषि राम बस्याल
संयोजक, आन्तरिक लेखा समिति



श्री लक्ष्मी पोखरेल
सदस्य, आन्तरिक लेखा समिति



श्री हरि बहादुर रोकाहा
सदस्य, आन्तरिक लेखा समिति

# राष्ट्रिय गान




"सयौं थुँगा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेची महाकाली
प्रकृतिका कोटिकोटि सम्पदाको आँचल
वीरहरूका रगतले स्वतन्त्र र अटल
ज्ञानभूमि, शान्तिभूमि तराई पहाड हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल
बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल"

# यज्ञोदय दुधनाथ थारु बहुमुखी क्याम्पस

शुद्धोधन–०३, रुपन्देही

## अध्यक्षको तर्फ बाट प्रस्तुत प्रतिवेदन

**क्याम्पस प्रमुखद्धारा प्रस्तुत शैक्षिक प्रतिवेदन**

श्रीमान अध्यक्षज्यू, प्रमुख अतिथि शुद्धोदन गाउँपालिकाका अध्यक्ष एवम् क्याम्पस सञ्चालक समितिका मानार्थ सदस्य, हाम्रा अभिभावक आदरणीय विष्णु प्रसाद बस्यालज्यू एवम् विशिष्ट अतिथिज्यू, राजनीतिक दलका प्रतिनिधिज्यूहरु, क्याम्पसका, जग्गादाता, चन्दादाताज्यूहरु, क्याम्पसका सभानायकज्यूहरू, अजिवन सदस्यज्यूहरू, सङ्घ संस्थाका प्रतिनिधिज्यूहरु, क्याम्पस प्रमुख एवम् प्राध्यापक कर्मचारी वर्गहरू, विद्यार्थी अभिभावज्यूहरू, सुरक्षाकर्मी साथीहरू र पत्रकार मित्रहरूमा यस गरिमामय २१ औं क्याम्पस सभा समारोहमा हार्दिक स्वागत गर्न चाहन्छु ।

सर्वप्रथम जग्गादाता दानवीर स्व. दुधनाथ थारु, स्व. गुन्जेश्वरी थारु, स्व. तेजेन्द्र खड्का, स्व. देवका खड्का, क्याम्पस स्थापनाका श्रेय धार्मिक सहिद स्व. पण्डित नारायण पोखरेलज्यू लगायत सम्पूर्ण ज्ञात अज्ञात सहिदहरू प्रति यस सभामा स्मरण गर्न चाहन्छु ।

क्याम्पस स्थापना कालदेखि क्याम्पसको शैक्षिक, भौतिक, आर्थिक र बहुपक्षीय विकासका लागि प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरूको स्मरण गर्दै विश्वविद्यालय अनुदान आयोगद्वारा क्याम्पसको गुणस्तर सुनिश्चितता प्रमाणीकरण प्रक्रियाका लागि विभिन्न जिम्मेवारीमा खटिएर भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण महानुभावहरूको योगदानलाई कदर गर्दै आजको यस क्याम्पस सभामा विश्वविद्यालय अनुदान आयोगद्वारा प्रदान गरिएको गुणस्तर सुनिश्चितता प्रत्यायान प्रमाणपत्र प्राप्त गरिएको खुसीयाली यस सभामा पुनः स्मरण गराउन चाहन्छु ।

लुम्बिनी प्रदेश, रुपन्देही जिल्लाको तिनाउ र दानवको बिच भागमा रहेको शुद्धोधन गाउँपालिका वार्ड नं ३ मा अवस्थित यस यज्ञोदय दुधनाथ थारु बहुमुखी क्याम्पस वि.स.२०५९ सालमा उच्च शिक्षा अध्ययन अध्यापनको आवश्यकता लाई हृदयङ्गम गरी स्थानीय शिक्षाप्रेमी, समाजसेवी श्री सोमनाथ शर्माज्यूको संयोजकत्वमा यज्ञ मूल सम्पादन समिति चयन गर्दै महायज्ञ सम्पन्न गरी स्थानीय शिक्षा प्रेमी जग्गादाता द्वय स्व. दुधनाथ थारु/स्व. गुन्जेस्वरी थारु द्वारा १ विगाह र राम लखन चौधरीबाट ५ कट्ठा भूमि दान गरी उच्च शिक्षाको धरोहरको रूपमा यस क्याम्पसको स्थापनाको सपनालाई साकार गर्न, राजनैतिक दल, सरोकारवाला सङ्घ संस्था तथा आम समुदायको पहलमा वि.स. २०६० सालमा त्रिभुवन विश्व विद्यालयको सम्बन्धनमा मानविकी सङ्काय अन्तर्गत बि.ए., शिक्षा शास्त्र सङ्कायको बि.एड. र व्यवस्थापन सङ्कायको बि.बि.एस कार्यक्रम सञ्चालन गर्ने अनुमति प्राप्त गरी फर्साटिकर मा.वि.को भवनबाट फर्साटिकर यज्ञोदय बहुमुखी क्याम्पसको नाममा अध्ययन अध्यापन सुरु भएको यस क्याम्पस वि. स. २०६३ सालदेखि आफ्नै भवनबाट अध्ययन अध्यापन गराउँदै आएको छ । दोस्रो पटक वि.स.२०६९ सालमा पुनः उच्च शिक्षालाई थप स्तरवृद्धि गर्ने आवश्यकता महसुस गर्दै स्नातकोत्तर तह सञ्चालनार्थ महायज्ञबाट पुनः स्व. दुधनाथ थारु स्व. गुन्जेश्वरी थारु द्वारा १ विगाह, श्रीमती सुरस्वती थारूद्वारा १ कट्ठा ६ धुर, श्रीमती गङ्गा घिमिरेद्वारा १० धुर साथै श्री भवेश्वर खनालद्वारा भवेश्वर सदन एवम् स्व. तेजेन्द्र खड्काद्वारा व्यवस्थापन सदन निर्माणका लागि नगद दान र खजुरीया गाउँ समाजले ३ विगाह ६ धुर ऐलानी जग्गा र अन्य स्थानीय दाता महानुभावहरूले नगद दान गर्दै स्तरवृद्धिको महान लक्ष्य प्राप्ति गर्न अतुलनीय योगदान गर्नुभयो तत् पश्चात् क्याम्पसको नाम फर्साटिकर यज्ञोदय बहुमुखी क्याम्पसबाट यज्ञोदय दुधनाथ थारु बहुमुखी क्याम्पस नामकरण गर्दै स्नातकोत्तर तह अन्तर्गत व्यवस्थापन सङ्कायको एम.बि.एस. कक्षा उत्कृष्ट नतिजाका साथ सञ्चालन

भइरहेको कुरा यो सम्मानित सभामा जानकारी गराउँदै क्याम्पसको २१ औं वार्षिक प्रतिवेदन यहाँहरू माझ राख्ने अनुमति चाहन्छु ।

**भौतिक पक्ष**

यज्ञोदय दुधनाथ थारु बहुमुखी क्याम्पसको भौतिक पक्षका बारे चर्चा गर्दा हाल यस क्याम्पसको स्वामित्वमा रहेको २-०६-०० दर्तावाल र ३-००-०६ (ऐलानी) गरी जम्मा ५-०६-०६ धुर जग्गा, भवेश्वर शिक्षा सदन, तेजेन्द्र व्यवस्थापन सदनका २.५ तले २४ कोठे भवन- १, विश्वविद्यालय अनुदान आयोगको सहयोगमा निर्मित ३ तल्ले व्यवस्थापन भवन १, प्रदेश सरकार लुम्बिनी प्रदेश सरकारको सहयोगमा निर्मित २ तल्ले आधुनिक प्रशासनिक भवन १, पुस्तकालय भवन २ तल्ले -१ स्व.वि.यु भवन -१, क्यान्टिन भवन -१, चौकीदार भवन -१, साइकल स्टेन्ड -२ गरी जम्मा ९ भवन जस अन्तर्गत क्याम्पस प्रमुख कक्ष १, स.क्याम्पस प्रमुख कक्ष १, प्राध्यापक कक्ष १, सभाहल १ लेखा कक्ष १, परीक्षा शाखा कक्ष १, प्राथिमक उपचार कक्ष १, विषयगत विभागहरू ४, भण्डार कक्ष १, खजुरिया भवन (५ कोठे)-१,आवश्यकता अनुसारको खेल मैदान १, विद्यार्थी अनुपात फर्निचर, ९ थान प्रोजेक्टर, १ थान स्मार्ट बोर्ड, २९ थान डेक्सटप कम्यूटर, २०० लिटर क्षमताका २ वटा फिल्टर सहितका फ्रिज, White बोर्ड हरु, रोष्टमहरु, क्याम्पस परिसर फ्रि इन्टरनेट सेवा, आवश्कता अनुसारको पुस्तकालयमा पुस्तक तथा Reference Book हरु रहको छन् ।

**शैक्षिक कार्यक्रमको अवस्था**

यस क्याम्पसले सुरुवाती वर्षमा मानविकी तथा शिक्षा शात्र संकायमा स्नातक तह वि.स.२०६० सालमा पठन पाठन सुरूवात गरी वि.स. २०६३ सालमा स्नातक तह व्यावस्थापन संकाय BBS थप गर्दै समुदाय र विद्यार्थी माग अनुसार वि.स.२०७० सालमा आएर तह स्तर वृद्धि गदै MBS कार्यक्रम सञ्चालन गर्दै आइरहको छ । हाल क्याम्पसमा व्यवस्थापन र शिक्षा शास्त्र संकायको कक्षाहरु सुचारु छन् भने मानविकी संकायका कक्षाहरु विद्यार्थीको न्यून उपस्थितिले हाललाई स्थगन गराएको छ । यस क्याम्पसद्वारा प्रदान गर्ने विद्यार्थीको नतिजा सुधार उन्मुख देखिन्छ । हालको अवस्था क्याम्पसको समग्र शैक्षिक मूल्याङ्कन गर्दा उत्तीर्ण दर ४५.६५% प्रतिशत औषतमा रहेको छ ।

**शैक्षिक गतिविधिको अवस्था**

- शैक्षिक गुणस्तर वृद्धिका लागि प्राध्यापकहरूलाई अनुसन्धान कार्यमा प्रेरित गर्न प्राध्याहरूलाई विभिन्न समयमा तालिम एवम् गोष्ठीमा पठाउने व्यवस्था गरिएको छ । यसै क्रममा गत आर्थिक वर्षमा विश्वविद्यालय अनुदान आयोगको सहयोगमा Transforming Higher EducationM Mitigating the Impact of Student Migration on Community Campuses in Nepal विषयमा राष्ट्रिय सम्मेलन सफलतापुर्वक सम्पन्न गरिएको छ । र अगामी दिनमा अन्तर्राष्ट्रिय सम्मेलन गर्ने योजना बनाइएको छ ।
- अनुसन्धान व्यवस्थापन समिति मार्फत यसै क्याम्पसमा प्राध्यापनरत प्राध्यापकहरूद्वारा अनुसन्धान मूलक लेख समावेश गरी यज्ञोदय जर्नल भाग २ प्रकाशन गरी अनलाईनमा समेत प्रकाशन गरिएको छ ।
- प्राध्यापकहरू मार्फत लघु अनुसन्धान गर्ने कार्यलाई प्राथमिकता दिँदै २ वटा लघु अनुसन्धान सम्पन्न भएको छ । यस वर्ष लघु अनुसन्धान कार्यक्रमलाई निरन्तरता दिने योजना रहेको छ ।
- समय समयमा अभिभावक भेला तथा अन्तरक्रिया सञ्चालन गरी सोही अनुसार विद्यार्थीहरूलाई पठन पाठनमा लाग्न प्रेरित गरिएको छ ।

- समुदाय लक्षित सामुदायिक कार्यक्रमहरूलाई निरन्तरता दिँदै आइरहेको छ।
- विभिन्न सामाजिक संस्थाहरूको सहयोगमा आँखा शिविर, दन्त परीक्षण, औषधी वितरण र रक्तदान कार्यक्रम सम्पन्न गरिएको छ।
- गुणस्तर वृद्धिका लागि परीक्षाको नतिजा कम भएको विषयमा विद्यार्थीहरूसँग परामर्श तथा पृष्ठपोषण गरी प्रेरित गर्ने कार्यलाई निरन्तरता दिइएको छ।
- शैक्षिक गुणस्तर सुधारका निम्ति आन्तरिक गुणस्तर सुधार समिति मार्फत शैक्षिक लेखा परीक्षण कार्यलाई निरन्तरता दिइएको छ।
- क्याम्पसको गुणस्तर सुधारका निम्ति विद्यार्थी गुणस्तर सुधार समिति गठन गरी परिचालन गरिएको छ।
- क्याम्पसको EMIS प्रतिवेदन प्रकाशनलाई निरन्तरता दिइएको छ।
- यस क्षेत्रमा रहेका रोजगार दाताहरूसँग रोजगारीका अवसर सम्बन्धमा छलफल, परामर्श तथा अन्तरक्रिया गरी विभिन्न रोजगार दाता संस्थाहरूसँग समझदारी पत्रमा हस्ताक्षर गरिएको छ।
- कार्यरत प्राध्यापक कर्मचारीहरूको मनोबल उच्च राख्नका निमित्त रु १० लाख बराबरको दुर्घटना बिमालाई निरन्तरता दिइएको छ।
- स्थायी उपप्राध्यापक, पूर्णकालीन प्राध्यापक, स्थायी कर्मचारीहरू तथा आंशिक प्राध्यापकहरूको वेतनलाई समयानुकूल समायोजन गरिएको छ।

**सङ्गठनात्मक संरचना**

क्याम्पस समुदायद्वारा स्थापित तथा सञ्चालित भएकोले यसको साङ्गठनिक संरचना पनि सोहि बमोजिमको रहेको छ। हालको सङ्गठनात्मक संरचनामा यसले गर्ने कार्य विधान, नियमावली र निर्देशिका अनुरूप संचालन भएको छ। सङ्गठानात्मक संरचना अनुरूप नै प्रशासनिक, शैक्षिक, आर्थिक, परीक्षा, छात्रवृत्ति खरिद निर्माण, अनुसन्धान, अध्ययन अध्यापनलाई व्यवस्थित गर्ने गरिएको छ। त्यसै गरी शैक्षिक गुणस्तर सुधार गर्न तथा क्याम्पसलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप संचालन गर्न आन्तरिक गुणस्तर सुनिश्चितता समिति गठन गरी सो समिति मातहतमा विभिन्न समिति तथा इकाइहरू गठन भइ परिचालित छन्। त्यसै गरी क्याम्पसमा सञ्चालन भएका शैक्षिक कार्यक्रमलाई मर्यादित र व्यवस्थित गर्नका लागि क्याम्प प्रमुख र सहायक क्याम्पस प्रमुखको मातहतमा संकायहरु (Faculty), संयोजकहरु (Coordinator), बिभागहरु (Department) विषयगत समितिहरु, कक्षा इन्चार्जहरु, विद्यार्थीको SQC (Student Quality Circle) निर्माण गरि अगाडि बढिएको छ।

हाल क्याम्पसमा ३ जना उपप्राध्यापक, १० जना पूर्णकालीन ११ जना कोर्ष करार प्राध्यापक प्राध्यापनरत् हुनुहुन्छ भने ४ जना कन्ट्र्याक प्राध्यपक गरी २८ जना प्राध्यापक कार्यरत हुनुहुन्छ। त्यसै गरी कर्मचारीहरू तर्फ प्रशासकीय अधिकृत, लेखा अधिकृत, सूचना अधिकृत, पुस्तकालय प्रमुख, कार्यालय सहयोगी, बस ड्राइभर र गेट पाले गरी ८ जना कर्मचारी कार्यरत हुनुहुन्छ। क्याम्पसमा आगामी दिनमा स्थायी प्राध्यापक तथा स्थायी कर्मचारीको निरन्तर व्यवस्थापन गर्दै अघि बढाउदै जाने योजना छ। क्याम्पसको सङ्गठनात्मक संरचना अनुसूचीमा उल्लेख गरिएको छ।

**आर्थिक पक्ष**

यस क्याम्पसको आर्थिक पक्षको अध्ययन गर्दा आम्दानीको प्रमुख श्रोत विद्यार्थीहरूबाट उठ्ने मासिक शुल्क र भर्ना शुल्क नै हो। यस बाहेक विभिन्न संघ संस्था, व्यक्तिबाट प्राप्त आर्थिक सहयोग दान महायज्ञ र विश्वविद्यालय अनुदान आयोग, प्रदेश सरकार, स्थानीय गाउँ पालिकाबाट प्राप्त हुने

सहयोगहरु रहने गरेका छन्, बैंक धरौटी रकमको व्याज, जग्गा ठेक्काबाट प्राप्त आम्दानी नै यसका मुख्य आम्दानीका श्रोतहरु हुन् । आर्थिक पक्ष थप मजबुद बनाउनुपर्ने क्याम्पसको थप आवश्यकता रहेको छ। आर्थिक पक्षको स्पष्ट झलक आर्थिक प्रतिवेदनबाट देखिने हुँदा आर्थिक प्रतिवेदन अध्ययनका लागि यहाँहरू माझ अनुरोध गर्दछु ।

**पुस्तकालय**

हाल पुस्तकालयमा दर्ता (खरीद) भएका अनुसन्धानात्मक पुस्तकहरू पर्याप्त मात्रामा नभएतापनि पुस्तकालयमा E–Library स्वरूप ६ सेट कम्प्युटर, कम्प्यूटर ल्याबमा १८ कम्प्युटर जडान गरी व्यवस्थापन गरिएको छ। त्यसै गरी पुस्तकालयलाई थप व्यवस्थीत बनाउनका लागि बारकोड मेशिन र सफ्टवेरको प्रयोग गरिएको छ । पुस्तकालय र लेखा शाखा बीच समन्वयात्मक रूपले संचालन गर्नुपर्ने अवस्थालाई सहज बनाउन पुस्तकालय र लेखा शाखाको एकीकृत सफ्टवेयर प्रयोगमा ल्याइएको छ । त्यसै गरी पुस्तकालयमा पत्रपत्रिकाहरूमा स्थानीय दैनिक पत्रिका उपलब्ध छन् भने राष्ट्रिय दैनिक पत्रिकामा उपलब्ध छन् । पुस्तकालयलाई थप व्यवस्थापन गर्दै क्याम्पसमा प्राध्यापक विद्यार्थीहरूलाई अधिकतम समय पुस्तकालयमा बसी अध्ययन गर्ने वातावरण बनाउने क्याम्पसको उद्देश्य रहेको छ । त्यसै अनुरूप पुस्तकालयमा free WIFI Zone को स्थापना गरिएको छ भने पुस्तकालय व्यवस्थापन समिति गठन गरी समिति मार्फत पुस्तकालय व्यवस्थापन गरिएको छ । पुस्तकालय व्यवस्थापन समितिकै निर्णय अनुसार यस वर्ष २०७७।७८ मा व्यवस्थापन सङ्कायको स्नातकोत्तर तह प्रथम सेमेष्टर र स्नातक तह दोस्रो बर्षको परिमार्जित पाठ्यक्रम अनुरूपका पाठ्यपुस्तक र Reference Books हरू खरीद गरिएको छ ।

## क्याम्पस सञ्चालक समितिद्वारा २० औं क्याम्पस सभा पश्चात् हाल सम्म गरिएका बैठक तथा महत्वपूर्ण निर्णयहरू

२०८१।०६।१७ गते देखि २०८२ को २१ औं क्याम्पस सभा सम्म सञ्चालक समितिको बैठक तथा महत्वपूर्ण निर्णयहरू

**बैठक नं १: मिति २०८१।०६।१७ गते**

- क्याम्पस सभा पश्चात् बसेको पहिलो बैठकले क्याम्पस सभा तथा ७ औं अधिवेशन सम्पन्न गर्नमा सहयोग पुर्याउने सम्पूर्ण सभासद, सभानायक, दलिय प्रतिनिधि, विभिन्न उपसमिति लगायत निर्वाचन समितिलाई धन्यवाद ज्ञापन गर्दै निर्णयको अन्तिम चरणमा रहेको क्यु.ए.ए. प्रमाणिकरण प्रक्रियालाई फलोअप गर्दै अगाडी बढाउने ।
- त्रिभुवन विश्वविद्यालयद्वारा प्रकाशित वि.वि.एस. प्रथम वर्षमा विशिष्टीकरण प्रतिशतमा उत्तीर्ण भई लुम्बिनी प्रदेशमै प्रथम हुन सफल छात्रा आकृति उपाध्याय लगायतका टिमलाई बधाइ तथा शुभकामना कार्यक्रम २०८१।०६।१८ गते विहान ७:३० मा आयोजना गर्ने ।

**बैठक नं २ : २०८१।०७।०६ गते**

- क्याम्पसको फरक फरक बैङ्कमा रहेका खाताहरू क्याम्पस प्रमुख टंक प्रसाद पौडेल र अध्यक्ष सोमनाथ शर्माको संयुक्त हस्ताक्षरमा सञ्चालन गर्ने निर्णय गरियो ।
- क्याम्पसको शैक्षिक भौतिक पक्षलाई प्रभावकारी बनाउन हाल सम्म पनि सम्पन्न गर्न बाँकी क्याम्पस परिसरमा पक्की वाल वाउन्ड्री, छात्रावास निर्माण, फिल्ड व्यवस्थापन लगायतका कार्य

सम्पन्न गर्नका लागि स्रोत पहिचान गर्ने, प्रस्तावना तयार गर्ने, डेलिगेसन जाने, समन्वय गरी तपसिलका निकायहरूमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**तपसिल**

- लुम्बिनी प्रदेश सरकार दाङ्ग,
- भारतीय दूतावास, लैनचौर काठमाण्डौं
- अर्थ मन्त्रालय,
- गाउँपालिका तथा नगरपालिका र विश्वविद्यालय अनुदान आयोग

- क्याम्पसमा कार्यरत प्राध्यापक कर्मचारीहरूको प्रस्तावना अनुसार शैक्षिक अवलोकन भ्रमण खर्च बापत रू १,००,०००। एक लाख विनियोजन गर्ने ।
- विद्यार्थी भर्ना २०८१ लाई भव्यताका साथ सम्पन्न गर्ने ।

**बैठक नं ३ : २०८१।०७।२५**

- क्याम्पसको दीर्घकालीन आर्थिक व्यवस्थापनको लागि स्थानीय सरोकारवाला तथा दाता महानुभावहरू सँग अन्तरक्रिया गरी अघि बढ्ने ।
- विश्वविद्यालय अनुदान आयोगको QAA टिमद्वारा गर्ने Snap Visit लाई व्यवस्थित र प्रभावकारी रूपमा सम्पन्न गर्ने ।
- सञ्चालन समितिको नियमित बैठक प्रत्येक महिनाको अन्तिम शुक्रबार गर्ने ।

**बैठक नं ४: २०८१।०८।०७**

- क्याम्पसमा कार्यरत शिक्षक( आंसिक र छोटो करार) हरू मध्येबाट विगतमा जस्तै यस वर्ष पनि विषयगत प्राथमिकताको आधारमा १ जना शिक्षकलाई पूर्णकालिन शिक्षकमा व्यवस्थापन गर्ने गरी १ वटा पूर्णकालिन दरबन्दी सृजना गर्ने निर्णय गर्दै पदपूर्तिका लागि क्याम्पस मातहतको पदपूर्ति समितिलाई अख्तियारी दिने निर्णय भयो ।
- क्याम्पसलाई सामुदायिक क्याम्पसमा वर्गीकरण गर्नका लागि आवश्यक अक्षयकोष खाता सञ्चालन गर्ने निर्णय गरियो ।
- शुद्धोदन गाउँपालिका वडा नं ५ द्वारा विनियोजित रकम रू १,००,०००। (एकलाख) को क्याम्पसको नाममा रहेको खजुरीया ब्लकको जग्गा संरक्षणको लागि तारबार लगाउने निर्णय गरियो, कार्य सम्पन्न गर्नका लागि तपसिल अनुसारको निर्माण समिति गठन गरियो ।
  - संयोजक : जगदिश अधिकारी
  - सदस्य : निरबहादुर राना
  - सदस्य : हेमन थापा
  - सदस्य : प्रकाश यादव
  - सदस्य : पार्वती श्रेष्ठ
- क्याम्पसद्वारा आयोजित महायज्ञमा कबोल गरी हाल सम्म भुक्तान नभएका बाँकी रकम सम्बन्धित दाता महानुभावहरूको माफ पुगेर भुक्तानीको लागि अनुरोध गर्ने निर्णय गरियो ।

**बैठक नं ५: २०८१।०८।१४**

- क्याम्पसको वार्षिक योजना अनुसार शिक्षक कर्मचारीहरूको सेवा प्रति उत्प्रेरणा जगाइ राख्नका लागि शैक्षिक बर्ष २०८१।०८२ मा पदपूर्ति समितिको आन्तरिक विज्ञापन मार्फत प्राप्त निवेदनमा पदपूर्ति समितिद्वारा सञ्चालित परीक्षा मार्फत छनोटमा पर्नु भएका यसै क्याम्पसमा कार्यरत शिक्षक तिलोत्तमा १३ निवासी ओम प्रकाश पौडेल लाई पुर्णकालिन शिक्षकको पदमा नियुक्त गर्ने निर्णय गरियो ।

**बैठक नं ६ : २०८१।०८।२८**

- क्याम्पसको दिगो आर्थिक व्यवस्थापनका लागि आयोजित सञ्चालक, दाता, दलीय प्रतिनिधि लगायत सरोकारवाला हरू बीचको संयुक्त बैठकद्वारा ऐक्यवद्धता प्राप्त क्याम्पसको प्रस्ताव महायज्ञ सञ्चालन गर्ने भन्ने विषय योजनाबद्ध रूपमा तयारी पुरा गरी २०८२ सालको अनुकूल समयमा आयोजना गर्ने सर्व सहमति कायम गरियो भने आम्दानीका अन्य वैकल्पिक उपायहरू निरन्तर खोजी गर्दै अगाडि बढ्ने निर्णय गरियो ।

**बैठक नं ७ : २०८१।१०।०७**

- क्याम्पसको २० औं स्थापना दिवस २०८१।१०।१६ गते मनाउने, उक्त दिन आयोजना हुने शुभकामना आदान प्रदान कार्यक्रममा प्रमुख अतिथिको रूपमा लुम्बिनी प्रदेश सरकारका आर्थिक मामिला मन्त्री माननीय धनेन्द्र बहादुर कार्कीज्यूलाई आमन्त्रण गर्ने निर्णय गरियो ।
- स्नातक तह वि.वि.एस. दोस्रो र तेस्रो वर्षका विद्यार्थीहरूलाई उनीहरूले पेश गरेको प्रस्तावनाका आधारमा रू १० हजारका दरले शैक्षिक अवलोकन भ्रमण सहयोग प्रदान गर्ने निर्णय गरियो ।

**बैठक नं ८ : २०८१।१०।१४**

- २०८१।१०।१६ गते आयोजना गरिएको क्याम्पसको स्थापना दिवस तथा QAA प्रमाणीकरणको शुभ अवसरमा अयोजित शुभकामना कार्यक्रमको सम्पूर्ण तयारीको समीक्षा गर्दै उक्त कार्यक्रम भव्यताका साथ सम्पन्न गर्ने निर्णय गरियो । सञ्चालक तथा लेखा समितिका सम्पूर्ण टिमलाई उक्त कार्यक्रमको पूर्ण समय उपस्थिति रहने सहमति गरियो ।

**बैठक नं ९: २०८१।११।२०**

- क्याम्पसको २० औं क्याम्पस स्थापना दिवस तथा QAA प्रमाणीकरण घोषणा कार्यक्रमको समीक्षा गर्दै कार्यक्रम सफल रहेकोमा सम्पूर्ण क्याम्पस परिवारलाई धन्यवाद प्रकट गर्दै उक्त कार्यक्रममा खर्च भएको खर्च रकम रू १९२६६५। (एक लाख बयानब्बे हजार छ सय पैसट्ठी) सर्व सम्मत रूपमा अनुमोदन गरियो ।
- क्याम्पस अन्तर्गतका विविध क्षेत्रलाई समेट्दै जिम्मेवारी वितरण गर्नका लागि तपसिल अनुसार उपसमितिहरू चयन गर्ने निर्णय गरियो ।

❖ **खजुरीया जग्गा / भवन रेखदेख तथा संरक्षण उपसमिति**

➢ संयोजक: हेमन थापा

➢ सदस्य: भूपराज गैरे

➢ सदस्य : जगदिश अधिकारी

❖ **निर्माण तथा मरम्मत सम्हार उपसमिति**

- संयोजक : हुमराज ढकाल
- सदस्य : टोल प्रसाद राना
- सदस्य : जुनकला गैरे

**खरिद तथा बोलपत्र आव्हान उपसमिति**

- संयोजक: मिन बहादुर पल्लीमगर
- सदस्य : भेषराज पौडेल
- सदस्य : टंक प्रसाद पौडेल

**निर्माण / खरीद अनुगमन समिति**

- संयोजक: विजय विक्रम टण्डन
- सदस्य : टोल प्रसाद राना
- सदस्य : जुनकला गैरे

**सवारी साधन व्यवस्थापन उपसमिति**

- संयोजक : बावुराम खरेल
- सदस्य : हुमराज ढकाल
- सदस्य: विजय विक्रम टण्डन

**आर्थिक संकलन उपसमिति**

- संयोजक : कृष्ण नेपाल
- सदस्य: हुमराज ढकाल
- सदस्य: विजय विक्रम टण्डन
- सदस्य: शिव मल्ल
- सदस्य: भूपराज गैरे

**शैक्षिक अनुगमन तथा प्रोत्साहन उपसमिति**

- संयोजक: शिव मल्ल
- सदस्य : कैलाशचन्द्र ज्ञवाली
- सदस्य: किरण नेपाल

**छात्रवृत्ति सिफारीस उपसमिति**

- संयोजक : राम प्रसाद खनाल
- सदस्य : लक्ष्मी आचार्य
- सदस्य : बाबुराम खरेल

❖ स्वतन्त्र विद्यार्थी युनियन निर्वाचन २०८१ का लागि निर्वाचन सम्पन्न गर्न तपसिल अनुसार उपसमिति लाई जिम्मेवारी दिने र सम्पूर्ण सञ्चालक समिति जिम्मेवार भूमिकामा रहने निर्णय गरियो ।

**स्व.वि.यु. निर्वाचन समिति २०८१**

- संयोजक : भिम प्रसाद सापकोटा

- ➢ सदस्य: मोतीराज गौतम
- ➢ सदस्य : झलक बहादुर थापा

- संस्कृत विद्यापीठ शुद्धोदन ५ को अनुरोधमा क्याम्पसको स्वामित्वमा रहेको भवनलाई उक्त भवनका २ वटा कोठाहरू २०८२ असार मसान्त सम्मलाई प्रयोगमा ल्याउने गरी स्वीकृत दिने निर्णय गर्दै क्याम्पसलाई आवश्यकता ठहर हुँदाको दिन दुवै पक्षको समझदारीमा विकल्पमा जाने निर्णय भयो ।
- क्याम्पसको हरेक क्रियाकलाप तथा गतिविधिहरूलाई वातावरण मैत्री र सामाजिक सुरक्षा मैत्री बनाउनका लागि क्याम्पसका पूर्णकालिन शिक्षक दिनेश कर्माचार्यलाई सम्पर्क व्यक्तिको रूपमा जिम्मेवारी प्रदान गर्ने निर्णय भयो ।
- क्याम्पसको समन्वय तथा अनुरोधमा शुद्धोदन गाउँपालिका वडा नं ४ को कार्यालयद्वारा निरन्तर रूपमा विनियोजित रकम रू २५००००। (दुईलाख पचास हजार), वडा नं २ बाट ५०,०००। ( पचास हजार), वडा नं ६ बाट रू १,५०,०००(एक लाख पचास हजार) र शुद्धोदन गाउँपालिकाद्वारा विनियोजित रकम रू ४,००,०००। (चार लाख) को छात्रवृत्ति क्याम्पसको छात्रवृत्ति समितिको निर्णयको आधारमा वितरण गर्ने र दातृनिकायलाई धन्यवाद तथा आभार प्रकट गर्ने निर्णय गरियो ।
- क्याम्पसको व्यवस्थापन सञ्चालन तथा व्यवस्थापनका लागि तपसिल अनुसारका निर्देशिका तथा आचारसहिंतालाई सामान्य छलफल पश्चात अनुमोदन गर्ने निर्णय गरियो ।,
- E– Waste Management Guideline २०२५
- Sexual Harassment Abuse and Exploitation 2025 (Code of Conduct)

**बैठक नं १०: २०८२।०२।१४ गते**

- शैक्षिक तथा नतिजा विश्लेषण गर्दै समीक्षा गरियो त्यसैगरी विभिन्न दातृ निकाय सँगको समन्वय र प्राप्त छलफल बारे छलफल गर्दै दातृ निकायलाई धन्यवाद प्रकट गरियो भने क्याम्पसद्वारा UGC Nepal को आर्थिक सहयोगमा ३ दिने राष्ट्रिय सम्मेलनमा उपस्थित, आयोजक, सहजकर्ता सवैलाई समेत आभार प्रकट गरियो ।
- क्याम्पसको वार्षिक योजना अनुसार क्याम्पसको सामुदायिक दायित्व पुरा गर्ने हेतुले समुदाय लक्षित कार्यक्रम "नि:शुल्क स्वास्थ्य शिविर, औषधी वितरण तथा रक्तदान कार्यक्रम " २०८२।०२।१७ गते सहयोगी सस्थहरू सँगको सहकार्यमा सम्पन्न गर्ने निर्णय गर्दै त्यसको जिम्मेवारी तपसिल अनुसारको टिमलाई दिइयो ।

- ➢ संयोजक: हुमराज ढकाल
- ➢ सदस्य: मिन बहादुर पल्ली
- ➢ सदस्य: जुनकला गैरे

- स्नातकोत्तर तह MBS विद्यार्थीहरूद्वारा अध्ययन अवलोकन भ्रमणका लागि प्रस्तावनाका आधारमा यस बर्ष रू ३०,०००। रू तीस हजार आर्थिक सहयोग गर्ने निर्णय गरियो ।
- पुस्तकालयमा विद्यार्थी संख्याका आधारमा न्यून संख्यामा रहेका आवश्यक पुस्तकहरू खरीद प्रक्रिया अनुसार खरीदका लागि खरिद समिति लाई अख्तियारी दिने निर्णय गरियो ।

- सुद्धोदन गाउँपालिका वडा नं ५ ले खजुरीयाको क्याम्पस परिसरमा तारवारका लागि विनियोजित रू १,००,०००। एक लाख को प्राविधिक स्टिमेट अनुसार काम सम्पन्न भइ प्राविधिक सिफारीसका आधारमा वडा नं ५ मा फर्स्यौटका लागि निवेदन पेस गर्ने निर्णय गरियो ।

**बैठक नं ११: २०८२।०३।१२ गते**

- नियमित रूपमा झै शैक्षिक प्रगति प्रतिवेदन क्याम्पस प्रमुखद्वारा प्रस्तुत भयो , छलफल पश्चात् क्याम्पसको प्रशासनिक भवनको विच भागमा रहेको खाली स्थानमा अनिवार्य रूपमा ट्रस्ट निर्माण गर्ने त्यसका लागि नयाँ आ.ब. २०८२।०८३ को वार्षिक बजेटमा शीर्षक तय गरी खरीद समितिको सक्रियतामा बोलपत्र मार्फत खरीद प्रक्रिया अनुसार निर्माण सम्पन्न गर्ने, त्यसै गरी क्याम्पसको बैकल्पीक उर्जा सोलार प्यानलमा प्रयोगमा आएका व्याट्रीमा ४ थान व्याट्री नष्ट हुन गएकाले उक्त ४ थान व्याट्री समेत खरीद समिति मार्फत खरीद गर्ने निर्णय भयो ।
- आ.ब. २०८१।०८२ को वाँकी महिना (चैत्र-असार) महिनाको तलव भुक्तानी गर्ने, पुरानो कोरोना अवधिको वाँकी रकम मध्ये हाल लाई १ महिनाको तलब बक्यौता रकम भुक्तानी दिने सर्वसम्मत निर्णय भयो ।
- आ.ब. २०८२।०८३ को क्याम्पस सञ्चालन बजेट निर्माणकालागि बजेट निर्माण उपसमिति चयन गरियो ।

➢ संयोजक : किरण नेपाल
➢ सदस्यः हुमराज ढकाल
➢ सदस्यः टंक प्रसाद पौडेल

- क्याम्पसको वार्षिक वजेट आ.ब. २०८२।०८३ लाई सहयोग गर्ने दातृ निकायहरू क्रमश शुद्धोदन गाउँपालिकाको कार्यालय, शुद्धोदन गाउँपालिका वडा नं ४ को कार्यालय, वडा कार्यालयहरू, लुम्विनी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय, विश्वविद्यालय अनुदान आयोग नेपाल, प्रदेश सरकारका माननीय ज्यूहरू लाई आभार तथा धन्यवाद प्रकट गर्ने निर्णय गरियो ।

**बैठक नं १२ : २०८२।०३।२४ गते**

- अघिल्लो बैठकद्वारा जिम्मेवारी प्राप्त आ.ब. २०८२।०८३ को अनुमानित बजेट निर्माण उपसमितिद्वारा प्रस्तुत बजेटमा सामान्य सुझाव सहित २०८२।०८३ को अनुमानित बजेट ३,६२,७१,०००। सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।
- आन्तरिक लेखा समितिको लेखा अनुगमन पश्चात प्राप्त केही बुँदाहरू सुझावको रूपमा संयोजक रिषिराम बस्यालद्वारा प्रस्तुत भयो, प्रस्तुत सुझावलाई वैठकले ग्रहण गर्ने निर्णय भयो।
- विद्यार्थी प्रतिभा प्रस्फुटनको उद्देश्यले सञ्चालक समितिका सदस्य मुकेश कुँवरको संयोजकत्वमा खेलकुद उपसमिति चयन भयो ।
- क्याम्पस अन्तर्गतको क्यान्टिन सञ्चालकले आफ्नो घरायसी समस्या देखाइ सञ्चालनमा देखाएको असमर्थताको कारण रिक्त सञ्चालक पूर्तिको लागि २०८२।०३।२९ गते सम्म कोटेशन माग गर्ने निर्यण गरियो ।
- लुम्बिनी प्रदेस सरकारद्वारा २०८२।०८३ का लागि ICT सामाग्री खरीदका लागि विनियोजित रू २०,००,०००। र विश्वविद्यालय अनुदान आयोगद्वारा विनियोजित रू १०,००,०००। बजेट कार्यान्वयनका लागि योजना सम्झौता गर्ने सर्वसम्मत निर्णय गरियो ।

- आ.व. २०८२।०८३ का लागि संस्था सञ्चालकका लागि/निर्माण कार्य सञ्चालन गर्नका लागि आवश्यक सामाग्रीहरू खरीदका लागि सेवा प्रदाय संस्था लाई क्याम्पसमा सूचीकृत हुनका लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**बैठक नं १३ : २०८२।०५।०६**

- आ.ब. २०८१।०८२ को बाह्य लेखा परीक्षकका लागि शुद्धोदन ४ निवासी स्था.लेखा नं २०१०८३३६२ का एम.पि. खनाल एण्ड एसोसियट का लेखा परीक्षक मघु प्रसाद खनाललाई नियुक्त गर्ने सर्वसम्मत निर्णय भयो ।
- क्याम्पसको त्तब्ब प्रक्रियामा सक्रिय रूपमा भूमिकामा रहेका प्राध्यापक तथा कर्मचारीहरूलाई थप उत्प्रेरणा जागृत गराउने उद्देश्यले क्याम्पस पोसाक प्रदान गर्ने र सोका लागि सम्पूर्ण खरीद प्रक्रिया खरिद उप समितिबाट सम्पन्न गर्ने गरी जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।
- आ.ब. २०८२।०८३ का लागि विश्वविद्यालय अनुदान आयोगद्‌गारा उपकरण खरीदका लागि क्याम्पसद्वारा प्रस्तावना पेशका आधारमा विनियोजित रू १०,००,०००। को खरीद प्रक्रिया नेपाल सरकारको खरीद नियमावली अनुसार सम्पूर्ण प्रक्रिया अगाडी बढाउने जिम्मेवारी खरीद उपसमितिलाई प्रदान गर्ने निर्णय गरियो साथै उक्त खरीद प्रक्रियाका लागि आवश्यक लागत इस्टिमेट क्याम्पसको अनुरोध पश्चात् गाउँपालिकाका IT प्राविधिकद्वारा **तयार गरिएको लागत अनुमानलाई स्वीकृत गर्ने निर्णय गरियो ।**

**बैठक नं १४ २०८२।०५।१७**

- आ.ब. २०८२।०८३ का लागि शुद्धोदन गाउपालिकाद्वारा क्याम्पसमा व्याडमिन्टन कोर्ट निर्माणका लागि विनियोजित रकम रू २,००,०००। को कार्य सुचारू गर्न क्याम्पस मातहतको तपसिल सदस्य रहेको निर्माण समितिलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

➢ संयोजक : हुमराज ढकाल
➢ सदस्य : टोल प्रसाद राना
➢ सदस्य : जुनकला गैरे
➢ सदस्य : आदेश राना

- विद्यार्थीहरूमा सैद्धान्तिक ज्ञान संगै आध्यात्मिक चिन्तनको विकास गरी शैक्षणिक उत्प्रेरणामा वृद्धि गर्ने उद्देश्यले आध्यात्मिक कक्षाहरू सञ्चालन गर्ने निर्णय गरियो।
- शैक्षिक वर्ष २०८२।०८३ मा स्नातक तह चौथो वर्षको प्रकाशित नतिजामा उत्तीर्ण विद्यार्थीहरूलाई बधाइ तथा सम्मान कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

**बैठक नं १५ : २०८२।०७।०८**

- क्याम्पसको २१ औं क्याम्पस सभा २०८२।०८।०५ गते आयोजना गर्ने निर्णय गरियो ।
- त्रिभुवन विश्वविद्यालय योजना निर्देशनालय तत् पश्चात् विभिन्न डिन कार्यालयद्वारा लामो समय पश्चात् नयाँ कार्यक्रम थप तथा विषय थपका लागि मिति २०८२।०६।२७ गते प्रकाशित सूचनाका आधार र क्याम्पसको दिगोपना, स्थानीय विद्यार्थीहरूको माग चासो का आधारमा रही समसामयिक विषयहरू BBA, BCA, BITM र PGD जस्ता कार्यक्रमहरूलाई प्राथमिकिकरण गर्दै प्रस्तावना पेश गर्ने निर्णय गरियो । त्यसका लागि थप अध्ययन, कार्यरत प्राध्यापकहरूका विच छलफल, स्थानीय जनचासोको अध्ययनका लागि तपसिल अनुसार कार्यदल गठन गरियो।

- संयोजक : शिव मल्ल
- सदस्य: कृष्ण नेपाल
- सदस्य: शिव प्रसाद अर्याल
- सदस्य: टंक प्रसाद पौडेल (क्याम्पस प्रमुख)
- सदस्य : मोतीराज गौतम (सहायक क्याम्पस प्रमुख)

- आ.ब. २०८२।०८३ का लागि UGC Nepal द्वारा उपकरण खरीदका लागि विनियोजित रकम रू १०,००,०००। (दश लाख) तत् पश्चात् जिम्मेवार प्राप्त उपसमितिद्वारा बोलपत्र आव्हान तथा खरीद उपसमितिद्वारा सम्पूर्ण सार्वजनिक खरिद नियमावली तथा खरिद ऐनको परिधि भित्र रही खरिदका लागि छनोटमा परेको सप्लायर्सद्वारा सामाग्री डेलिभरी पश्चात् प्रस्तुत विल तथा शुद्धोदन गाउँपालिकाको प्राविधिकको स्थलगत अनुगमन पश्चात् प्रस्तुत प्रतिवेदनका आधारमा लेखाको नियम अनुसार कर कट्टी गरी भुक्तानी दिने निर्णय भयो । फर्स्योटका लागि कागजात तयारी तथा विश्वविद्यालय अनुदान आयोगमा प्रस्तुत गर्ने सम्पूर्ण जिम्मेवारी क्याम्पसका लेखापाललाई अख्तियारी दिने र सहयोगका लागि दातृ निकाय विश्वविद्यालय अनुदान आयोगलाई धन्यवाद प्रकट गरियो ।
- क्याम्पस सञ्चालक समितिको आगामी बैठकमा क्याम्पसको सम्बन्धित महिनाको आम्दानी तथा खर्च शीर्षकको हिसाब लेखाद्वारा प्रस्तुत गर्न लेखालाई निर्देशन गर्ने निर्णय भयो ।

**बैठक नं १६: २०८२।०७।२४**

- क्याम्पसको २१ औं क्याम्पस सभाको तयारीका लागि तपसिल अनुसार जिम्मेवारी वितरण गर्ने निर्णय गरियो ।

❖ पत्राचार तथा निमन्त्रणा
- किरण नेपाल
- राम प्रसाद खनाल

❖ मञ्च व्यवस्थापन
- विजय विक्रम टंण्डन
- टोल प्रसाद राना

❖ चिया खाजा व्यवस्थापन
- मिन बहादुर पल्लि मगर
- जुनकला गैरे

❖ सम्मान, पुरस्कार तथा मायाको चिनो
- शिव मल्ल
- बाबुराम खरेल

❖ अतिथि सत्कार
- कृष्ण नेपाल
- कैलाशचन्द्र ज्ञवाली

- त्रिभुवन विश्वविद्यालय उपकुलपतिको कार्यालय योजना निर्देशनालय तथा डिन कार्यालयहरूद्वारा नयाँ शैक्षिक कार्यक्रम तथा सेक्सन थप सम्बन्धी प्रकाशित सुचनामा आधारीत रही क्याम्पसद्वारा

गठीत अवस्था अध्ययन तथा प्रस्तावना लेखन उपसमितिको स्थलगत समन्वय अन्तरक्रियाको आधारमा सञ्चालक समितिमा पेश गरेको प्रतिवेदनमा आधार भई हाललाई व्यवस्थापन संकाय तर्फ BBA र BITM मानविकी संकाय तर्फ BCA र शिक्षा शास्त्र सङ्काय तर्फ( Post Graduate in Diploma (PGD) कार्यक्रमका प्रस्तावनाहरू पेश गर्ने, प्रस्तावना तयारी लेखन तथा सम्बन्धित निकायमा पेश गर्न क्याम्पस प्रमुख टंक प्रसाद पौडेल र सहायक क्याम्पस प्रमुख मोतीराज गौतमलाई जिम्मेवारी प्रदान गरियो ।

- क्याम्पसद्वारा विभिन्न समयमा खोलिएका तर हाल निस्क्रिय अवस्थामा रहेका तपसिलका बैंक खाताहरू बाह्य लेखापरीक्षकका सुझावका आधारमा बन्द गर्ने निर्णय गरियो ।
  - ➢ गरिमा विकास बैंक खाता नं ०४२५०२००६५५४१००००००१
  - ➢ प्रभु बैंक २२६७०९१०९३००००१८
  - ➢ सिटिजन बैंक १४५०१००००००२८३०१ , १४५०१००००००२७३०१
- त्रिभुवन विश्वविद्यालय सँग प्रस्ताव गरिएका कार्यक्रमहरू सञ्चालनका लागि प्रतिबद्धता प्रस्तुत गर्ने निर्णय गरियो ।
- क्याम्पसको सबलीकरणका लागि यस अघि राष्ट्रिय वाणिज्य बैकमा रहेका ६,५०,०००।को मुद्दती खाताको समय अवधि समाप्त भएको र नवीकरण लगायतका कामको सहजताको लागि उक्त रकम क्याम्पस सञ्चालक समितिका अध्यक्ष र क्याम्पस प्रमुखको संयुक्त हस्ताक्षरमा सञ्चालनमा रहने गरी कृर्षि विकास बैंक फर्साटिकर शाखामा ६,५०,०००। को मुद्दती खाता सञ्चालन गर्ने निर्णय भयो ।

**बैठक नं १७: २०८२।०८।०१**

- आसन्न मंसीर ५, २०८२ को २१ औं क्याम्पस सभाको तयारीको समीक्षा गर्दै जिम्मेवार प्राप्त निकायले आफ्नो आफ्नो जिम्मेवारी तदारूकताका साथ पूर्ण गर्ने निर्णय भयो ।
- क्याम्पसको आर्थिक बर्ष २०८१।०८२ को फेहरिस्त हिसाब किताब आन्तरिक लेखा समितिको सुझाव तथा सिफारिस पश्चात् एम. पि. खनाल एण्ड एसोसियटका लेखा परीक्षक मधु प्रसाद खनालद्वारा प्रस्तुत लेखा परीक्षण प्रतिवेदन सर्वसम्मतिले पारित गरियो र उक्त लेखा परीक्षण प्रतिवेदन क्याम्पस सभामा प्रस्तुत गर्न सञ्चालक समितिका सदस्य विजय विक्रम टण्डन लाइ जिम्मेवारी प्रदान गरियो ।
- क्याम्पसको आर्थिक सबलीकरण तथा नयाँ कार्यक्रमहरू BBA, BITM, BCA र PGG को खर्च व्यवस्थापन गरी क्याम्पसको आर्थिक दिगोपनाका लागि यस अघि २०८१ मै दाता तथा सरोकारवाला निकायहरू सँगको अन्तरक्रिया पश्चात् प्राप्त सुझावलाई मध्यनजर गर्दै २०८२ को माघ र फागुन महिनाको उपयुक्त समय निर्धारण गरी महायज्ञ सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।
- क्याम्पस सभामा उपस्थित सम्पूर्ण अतिथिहरूलाई स्वागत गर्नका लागि स्वागत मन्तव्य राख्ने जिम्मेवारी सञ्चालक समितिका सदस्य किरण नेपाललाई प्रदान गर्ने निर्णय गरियो ।
- क्याम्पस सभा २०८२ को सम्पन्नताका लागि प्राध्यापक तथा कर्मचारीहरूलाई तपसिल बमोजिम जिम्मेवारी दिने निर्णय गरियो ।

**तपसिल**

- ❖ मञ्च व्यवस्थापन । सजावट

- ➢ खडानन्द भूषाल
- ➢ कर्ण बहादुर काफ्ले
- ➢ धनपत चौधरी
- ❖ सास्कृतिक कार्यक्रम व्यवस्थापन
- ➢ लक्ष्मी आचार्य
- ➢ भिम प्रसाद सापकोटा
- ❖ खाना प्रदर्शनी तथा खाजा व्यवस्थापन
- ➢ दिनेश कर्माचार्य
- ➢ विमल पन्त
- ❖ सम्मान तथा प्रमाणपत्र तयारी
- ➢ झलक बहादुर थापा
- ➢ माधव नेपाल
- ❖ हाजिरी व्यवस्थापन
- ➢ सरस्वती बस्याल
- ➢ धनपत चौधरी
- ➢ विष्णु चापागाई

**भावी कार्यक्रमहरू**

- क्याम्पस परिसरमा पक्की पर्खाल (बाउन्ड्री) निर्माण गर्ने योजना रहेको जसका लागि लागत इस्टमेट र प्रस्तावना तयार गरी भारतीय दूतावास लगायतका सरकारी निकायहरूमा प्रस्तावना पेस गर्ने योजना बनाइएको छ ।
- अप्राविधिक विषयलाई खोज मूलक, विश्लेषणात्मक, प्रविधि मैत्री शिक्षाको रूपमा विकास गर्दै लैजाने र प्राविधिक शिक्षालाई सम्भाव्यता अध्ययन गरी त्रिभुवन विश्वविद्यालय सँगको समन्वयमा नयाँ कार्यक्रमहरू क्रमस BBA, BCA, BITM र PGD भित्र्याउने योजना रहेको छ । जसका लागि सम्बन्धित डिन कार्यालयहरूमा समन्वय र प्रस्तावना पेश गरिएको छ ।
- सैद्धान्तिक शिक्षालाई व्यवहारिक रूप प्रदान गर्नका लागि तालिमको व्यवस्थापन गर्दै रोजगारी समन्वयको लागि क्याम्पसद्वारा निर्मित एकाइलाई थप गतिशील बनाइ शिक्षालाई व्यवहारिक र रोजगार मूलक बनाउँदै लगिनेछ ।
- यज्ञोदय जर्नलको भाग ३ को संस्करण यसै आर्थिक वर्षमा प्रकाशन गर्ने योजना रहेको छ ।
- अन्तराष्ट्रिय स्तरको अनुसन्धान मूलक शैक्षिक सम्मेलन गर्ने योजना रहेको छ ।
- आर्थिक स्रोत पहिचान गरी क्याम्पसको जग्गामा सुविधा सम्पन्न खेल मैदान व्यवस्थित गरिने छ ।
- क्याम्पस परिसर भित्रको फूलबारी लाई हरियाली र आकर्षक बनाउँदै लगिने योजना रहेको छ र योजना अनुरूप केही कामहरू सुरुवात गरिएको छ ।
- दूरदराज तथा बाहिरी जिल्लाका विद्यार्थीहरूलाई सहजताका लागि क्याम्पसमा छुट्टै व्यवस्थित, आधुनिक छात्रावास निर्माण गर्ने जसका लागि नेपाल सरकारका निकायहरूसँग समन्वय गरिने छ ।

- शिक्षा र प्रविधिमा जोड्नका लागि सबै कक्षा कोठामा स्मार्ट बोर्ड तथा स्मार्ट प्रोजेक्टर आवश्यकता अनुसार जडान गर्दै लगिनेछ । जसका लागि विश्वविद्यालय अनुदान आयोगद्वारा प्रदान गरिएको उपकरणहरूको व्यवस्थापन गरिएको छ ।
- प्रविधि मैत्री कक्षा स्थापनाका लागि प्रदेश सरकारद्वारा अ.ब. २०८२।०८३ मा विनियोजित रकम रू २० लाखबाट प्रविधि सामाग्रीहरू खरीद गर्ने योजना गरिएको छ ।
- क्याम्पसले निर्माण गरेको ५ वर्षे रणनैतिक योजना २०२२-२०२६ अनुरूप शैक्षिक गतिविधि तथा क्रियाकलाप र निर्माणका कार्यलाई प्राथमिकता राखी कार्यान्वयन गर्दै लगिनेछ ।
- क्याम्पसको आर्थिक सबलीकरण तथा नयाँ कार्यक्रमहरूको खर्च व्यवस्थापन गरी संस्थाको आर्थिक दिगोपनाका लागि महायज्ञ २०८२ सञ्चालन गर्ने योजना रहेको छ ।

**अन्त्यमा,**

क्याम्पसको स्थापना कालदेखि क्याम्पसलाई आजको यस स्थानमा पुयाउनका लागि यसको परिकल्पना, योजना र योगदान प्रदान गर्नुहुने सम्पूर्ण अग्रज महानुभावहरूलाई विशेष धन्यवाद प्रकट गर्दै कार्यकालमा शैक्षिक, भौतिक, आर्थिक सहयोग गर्नुहुने, शुद्धोधन गाउँपालिका अध्यक्ष विष्णु प्रसाद बस्याल, विश्वविद्यालय अनुदान आयोग एवम् सरोकारवाला अन्य व्यक्ति तथा संस्था सम्पूर्ण प्रति धन्यवाद व्यक्त गर्दछु । यसै गरी विश्वविद्यालय अनुदान आयोग, लुम्बिनी प्रदेश सरकारका माननीय र पूर्व माननीय सम्पूर्णलाई विशेष धन्यवाद प्रकट गर्दै आगामी दिनहरूमा पनि क्याम्पस विकासमा यहाँको थप सहयोगको अपेक्षा सहित मेरो प्रतिवेदन यही अन्त्य गर्दछु ।

टंक प्रसाद पौड्याल

**क्याम्पस प्रमुख**

**मिति : २०८२/०८/०५ गते**

| | | | |
|---|---|---|---|
| लुम्बिनी प्रदेश सरकार (भौतिक निर्माण अनुदान) | २,०००,००० | अनुसन्धान खर्च | 1,235,000 |
| वार्ड नं ५ तारवार अनुदान ( खजुरीया) | १५०,००० | तलब खर्च | 14,000,000 |
| पुंजीगत तर्फ जम्मा आम्दानी | ३,१५०,००० | कर खर्च | 750,000 |
| जम्मा आम्दानी | ३६,२७१,००० | दशैबोनस | 600,000 |
| | | अतिरिक्त कक्षा खर्च | 700,000 |
| | | संचित विदा खर्च | 250,000 |
| | | खाना र बसाई खर्च | 50000 |
| | | कर्मचारी वृत्ति विकास खर्च | 50,000 |
| | | पुस्तक खरीद खर्च | 200,000 |
| | | अतिरिक्त क्रियाकलाप | 75,000 |
| | | भ्रमण खर्च ( प्राध्यापक कर्मचारीविद्यार्थी) | 150,000 |
| | | पुस्तकालय धरौटी फिर्ता | 20,000 |
| | | टाई टिसट | 50,000 |
| | | कर्मचारी संचयकोष खर्च | 1,400,000 |
| | | खेलकुद सामाग्री खरीद | १००,००० |
| | | महायज्ञ खर्च | २,५००,००० |
| | | चालु तर्फ जम्मा खर्च | **२२,१५५,०००** |
| | | पुँजीगत तर्फ | |
| | | वार्ड नं ५ तारवार अनुदान (खजुरीया) | १५०,००० |
| | | आइसिटि (यु.जि.सी. अनुदान) | १,०००,००० |
| | | प्रदेश सरकार आइसिटि सामाग्री खरीद सहयोग | २,०००,००० |
| | | पुँजीगत तर्फ जम्मा खर्च | **३,१५०,०००** |
| | | जम्मा खर्च | **२५,३०५,०००** |

## गठनात्मक संरचना

# Yagyodaya Dudhnath Tharu Multiple Campus



## Enrollment Data

| Level | Program | Year | | | | |
|---|---|---|---|---|---|---|
| | | 2077/78 | 2078/79 | 2079/80 | 2080/81 | 2081/82 |
| Bachelors | BBS | 337 | 324 | 356 | 324 | 298 |
| | B.Ed. | 355 | 366 | 247 | 237 | 208 |
| Masters | MBS | 17 | 36 | 31 | 46 | 22 |
| Total eenrollment | | 709 | 726 | 634 | 607 | 528 |
| Total Female students | | 305 | 372 | 355 | 433 | 401 |
| Total EDJ students | | 294 | 284 | 310 | 237 | 212 |

## Average Pass Percentage

| Level | Program | Year | | | | |
|---|---|---|---|---|---|---|
| | | 2077/78 | 2078/79 | 2079/80 | 2080/81 | 2081/82 |
| Bachelors' | BBS | 30.21% | 31.41% | 29.72% | 26.59% | 23.56% |
| | B.Ed. | 21.80% | 18.10% | 12.67% | 27.64% | 43.69% |
| Total average | | 26 % | 24.75 % | 21.19 % | 27.11 % | 67.25 % |
| Female average | | 66.66 % | 86.76 % | 80.06 % | 79.04 % | 86.96 % |
| Masters' | MBS | 50% | 61.53 % | 29.09 % | 30 % | 45.65 % |
| Total average | | 50% | 61.53 % | 29.09 % | 30 % | 45.65 % |
| Female average | | 92.85 % | 92.05 % | 66.19 % | 47.91 % | 58.12 % |
| Total average | | 38 % | 43.14 % | 25.14 % | 28.55 % | 56.45 % |
| Female average | | 79.75 | 89.63 % | 73.09 % | 63.47 % | 72.54 % |

## Drop Out percentage

| Level | Program | Year | | | | |
|---|---|---|---|---|---|---|
| | | 2076/77 | 2077/78 | 2078/79 | 2079/80 | 2080/81 |
| Bachelors' | BBS | 16.27% | 13.31% | 22.35% | 18.74% | 16.54% |
| | B.Ed. | 17.25% | 27.25% | 24.92% | 19.3% | 18.47% |
| Average | | 16.76 % | 20.28% | 23.64 % | 19.02% | 17.05% |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| Masters' | MBS | 11.94 % | 9.64% | 12.5% | 1.19% | 1.95% |
| Average | | 11.94 % | 9.64% | 12.5% | 1.19% | 1.95% |
| Total Average | | 15.97% | 14.96% | 16.25% | 10.1% | 9.5% |
| Drop out share of female students | | 10% | 9% | 11% | 7% | 5% |

**Graduation Number**

| Level | Program | Year | | | | |
|---|---|---|---|---|---|---|
| | | 2019 A.D. | 2020 A.D. | 2021 A.D. | 2022 A.D. | 2023 A.D. |
| Bachelors | BBS | 8 | 24 | 14 | 22 | 1□ |
| | B.Ed. | 10 | 12 | 11 | 11 | □□ |
| Total | | 18 | 36 | 25 | 33 | 3□ |
| Masters' | MBS | -- | 2 | -- | 4 | 9 |
| Total | | -- | 2 | -- | 4 | 9 |
| Total Graduation | | 18 | 38 | 25 | 37 | □□ |
| Graduation number of female students | | 4 | 29 | 19 | 26 | □□ |

**M.P. KHANAL & ASSOCIATES**
Suddhodhan-4, Pharsatikar

Firm Regd : 3329
Cop No. : 3170 'B'
Membership No. : 3402
Pan No. : 301083362

Madhu Prasad Khanal
Registered Auditor
Mobile No. : 9857010399
9847023239

## यज्ञोदय दुधनाथ थारु बहुमुखी क्याम्पस
शुद्वोधन गाउँपालिका वडा नं. ३, रुपन्देही

### सदस्य महानुभावहरु समक्ष लेखापरीक्षकको प्रतिवेदन

१. **वित्तिय विवरण माथि लेखापरीक्षकको राय :**

हामीले त्रिभुवन विश्व विद्यालय बाट सम्बन्धन प्राप्त शैक्षिक निकायको रुपमा स्थापित श्री यज्ञोदय दुधनाथ थारु बहूखी क्याम्पस शुद्वोधन गाउँपालिका वडा नं. ३, रुपन्देहीको वित्तिय विवरण जसमा आषाढ ३१, २०८२ को वित्तिय अवस्थाको विवरण, सो मितिमा समाप्त भएको आर्थिक बर्षको आम्दानी तथा खर्च विवरण र प्रमुख लेखा नितिहरु, तथा लेखा सम्बन्धि टिप्णीहरु पर्दछन, को लेखापरीक्षण सम्पन्न्न गरेका छौ ।

हाम्रो रायमा सबै सन्दर्भहरुमा वित्तीय विवरणहरुले आसार ३२, २०८२ (तदअनुसार १६ जुलाई २०२५) को संस्थाको वित्तीय स्थिति र सो मितिमा समाप्त भएको आर्थिक बर्षको आम्दानी तथा खर्च विवरण तथा अन्य आयको अवस्था र नगद प्रवाहको अवस्था प्रचलित कानुनका अधिनमा रहि समुहलाई लागू हूने प्रतिवेदनमान अनुसार सारभुत रुपमा यथार्थ चित्रण गदछ ।

२. **रायको आधार :**

